नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

## मानव अधिकार पुरस्कार सिफारिस गर्ने म्याद थप गरिएको सूचना

(दोस्रो पटक सूचना प्रकाशन मिति: २०८३/०५/२२)

यस मन्त्रालयबाट मिति २०८३/०४/३१ मा प्रकाशित "मानव अधिकार पुरस्कार सम्बन्धी सूचना" अनुसार मानव अधिकारको संरक्षण र संवर्धनमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई सिफारिस गर्न आह्वान गरिएकोमा धेरै भन्दा धेरै व्यक्ति तथा संस्थाहरूको सहभागिता सुनिश्चित गराउनको लागि सो सिफारिस गर्ने म्याद दश दिन थप गरी पुन: सूचना प्रकाशन गरिएको छ। **मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५** र **मानव अधिकार पुरस्कार वितरण कार्यविधि, २०७८** बमोजिम आवश्यक कागजात संलग्न गरी मिति २०८३/०६/०१ सम्म यस मन्त्रालयमा वा यस मन्त्रालयको तल उल्लिखित इमेलमा सिफारिस गरी पठाइ मानव अधिकार पुरस्कार छनौट प्रक्रियामा सहभागी हुन आह्वान गरिन्छ।

इमेलः **infolaw@moljpa.gov.np**

पुनश्चः **मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५** र **मानव अधिकार पुरस्कार वितरण कार्यविधि, २०७८** यस मन्त्रालयको वेबसाइट **(www.moljpa.gov.np)** मा राखिएको छ ।

**मानव अधिकार पुरस्कार समितिको सचिवालय,**
**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं ।**